ज मिति २०७४।११।२१ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री हुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. | १ सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, | २ सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, | ३ सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, | ४ सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, | ५ सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, | ६ सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, | ७ सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, | ८ सदस्य |
| श्री महावीर वली | ,, ,, ,, | ९सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

निर्णय:-

नं. १. जिल्ला रेडक्रस समिति बाँकेको साधारण सभा मिति २०७४।११।२३ गते गंगापुरमा हुने भएकोले सो को लागी आर्थिक सहयोग माग भई आएकोले साधारण सभा सम्पन्न गर्दा लागेको खर्चमा रु. २५०००। पच्चिस हजार विविध खर्चबाट दिने निर्णय गरियो ।

नं. २. यही मिति २०७४।११।२४ गतेको दिन १०८ औं विश्व नारी दिवस परेको र उक्त दिवसलाई यस गाउपालिकाको विभिन्न वडाहरुमा उत्साहावर्द्धक रुपमा मनाउनको लागी प्रत्येक वडामा रुं २५०००। का दरले जम्मा रु. २२५०००। दुई लाख पच्चिस हजार गाउपालिकाको कर्मचारी शिप विकास र जनचेतना तालिम तथा गोष्टी सम्वन्धि खर्चबाट भूक्तानी दिने निर्णय गरियो ।

नं. ३. साईपुर गोलीघाटको पुल निर्माणको लागी रु. ५००००००। बजेट बिनियोजन भएकोमा उक्त पुलको विस्तृत सर्भेक्षण प्रतिवेदन तयार गर्नु पर्ने र सो कार्य गर्नको लागी गाउपालिकामा दक्ष जनशक्ति नभएकोले सो कार्य परामर्शदाता बाट तयार गर्ने निर्णय गरियो ।

नं. ४. यस गाउपालिकाको विद्युतको लाईन नजिक नभएको विद्यालयबाट लाइन तान्नि काम चलाई रहेकोमा यस गाउपालिका सम्म ३ फेजको लाइन तान्नको लागी विद्युत पोल समेत गाड्नु पर्ने भएकोले सो लागत स्टमेट रु. २०४०००। भएकोले उक्त रकम विविध शिर्षकबाट खर्च गर्ने गरी तुरुन्त कार्य संचालन गर्ने निर्णय गरियो ।

नं. ५. आगामी वर्षको नयाँ क्यालेण्डर प्रकाशनको लागी आवश्यक तयारी गर्ने निर्णय गरियो ।